नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मकवानपुर

फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

पत्र संख्या:- ०७९/८०
चलानी नम्बर:-

मिति:- २०७९/०५/०९

## प्रेस-विज्ञप्ति

आज मिति २०७९-०५-०९ गतेका दिन जिल्ला प्रशासन कार्यालय, मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी श्री बद्रीनाथ गैह्रेको नेतृत्वमा हेटौडा उपमहानगरपालिका, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, उपभोक्ता मञ्च, मकवानपुर उद्योग वाणिज्य संघ तथा नेपाल पत्रकार महासंघ मकवानपुरका प्रतिनिधिहरूको सहभागितामा हेटौडा औद्योगिक क्षेत्रभित्र रहेका विभिन्न ६ वटा उद्योगहरूको अनुगमन गरियो ।

अनुगमनका क्रममा सिद्धार्थ पेलेट फिड प्रा.लि.ले आर्थिक वर्ष २०७७/०७८ देखि अनुज्ञापत्र नवीकरण नगरेको, उत्पादनमा प्रयोग हुने कच्चा पदार्थमा लेबलिङ नरहेको, सरसफाईको अभाव जस्ता कैफियत देखिएको हुँदा सो उद्योगलाई तत्काल रू.५०,०००/- जरिवाना गरी सुधार गर्न निर्देशन दिइएको । अन्य उद्योगहरूमा देखिएका सामान्य कैफियतहरू तत्काल सुधार गर्न निर्देशन दिइएको तथा भ्याली पेलेट फिड प्रा.लि. र सिद्धार्थ पेलेट फिड प्रा.लि.बाट परीक्षणका लागि दानाको ४/४ वटा नमूना संकलन गरी खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, मकवानपुरमा पठाइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

०७९/०५/०९

बद्रीनाथ गैह्रे
सहायक प्रमुख जिल्ला अधिकारी